श्री बेलपोखरी सामुदायिक वन उपभोक्ता समुह
भूमिकास्थान नगरपालिका वडा नं. ६ खिल्जी अर्घाखाँची

## काठ/दाउरा लिलाम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८२/०२/२८ (लुम्बिनी राष्ट्रिय दैनिक)

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना वमोजिम डिभजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमति लिइ संकलन गरेको काठ दाउरा भुमिकास्थान न.पा. ६ माछामारे घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थाम छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजान पर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । काठ दाउरा कारोवार गर्ने उद्देश्यले स्थायी लेखा नम्वर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ

| सि.नं. | जात | लट नं. | ग्रेड | गो.थान | घन फिट | न्यूनतम दररट प्रति इकाइ | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खोटेसल्ला | १ | A | ४ | ६३.५७ | २५०/- | १५० प्रति घन फिट |
| | | | B | २१२ | ५५८.०१ | १५०/- | |
| | जम्मा | | | २१६ | ६२१.५८ | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/०३/१७ गते कार्यालय समय भित्र विदा परे सो को भोलिपल्ट ।

२. बोल पत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०३/१८ गते कार्यालय समयभित्र विदा परे सो को भोलिपल्ट ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु

क) समुहको कार्यालय ख) डिभिजन वन कार्यालय अर्घाखाँची

४. बोलपत्रसाथ कबोल गरेको रकम १०% ले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नम्वर ३०५०००३६६५०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । बैंक ग्यारेण्टी मान्य हुने छैन ।

५. प्रति बोलपत्र वापत रु १०००/- (एक हजार रुपैयाँ मात्र) लाग्नेछ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र पाइनेछ ।

६. लिलाम हुने वन पैदावार भुमिकास्थान न.पा. ६ माछामारेमा रहेको घाटगद्दीमा स्थलगतरुपमा हेर्न सकिनेछ ।

७. रितपूर्वक र न्यूनतम संख्याको बोलपत्र पेश भएमा मिति २०८२/०३/१९ गते दिउँसो ३:०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिद कर्ता प्रतिनिधि उपस्थित नभए पनि र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिनेछ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता र कर चुक्ताको प्रमाणपत्र उद्योग दर्ता मूल्य अभिबृद्धि कर (VAT) मा दर्ताको प्रमाण पत्र र स्थायी लेखा नम्वर (PAN) र डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. सकार रकम अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पाइएमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाइ निहित रहनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मूल्य , मू.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाइ लिलाम भएको वन पैदावार तोकिएको समय भित्र प्रक्रिया पुरा गरी लैजानु पर्नेछ ।

१२. थप जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।